# खानागावा प्रान्त उच्च मावि छात्रवृत्ति रकमको रूपरेखा

## 1 ऋण प्राप्तिको दायरा

(अ) वा (आ) मध्ये कुनै एकसँग मेल खाने महानुभाव

(अ) प्रान्त भित्र बसोबास रही, प्रान्त भित्रको उच्च मावि तह (उच्च मावि, मावि तहको उत्तरार्द्धको पाठ्यक्रम, विशेष सहायता विद्यालयको उच्च मावि तहको पाठ्यक्रम)मा नामाङ्कित विद्यार्थी

(आ) संरक्षक पनि प्रान्त भित्र बसोबास गरेको, उच्च मावि वा उन्नत व्यावसायिक विद्यालय अन्तर्गतको उच्च मावि तहको पाठ्यक्रममा नामाङ्कित विद्यार्थी

## 2 ऋणको अन्तर्वस्तु

| | |
|---|---|
| (1) **मासिक ऋण (नव प्रवेशी विद्यार्थी)** | सरकारी वा सार्वजनिक **10 हजार येन, 20 हजार येन वा 30 हजार येन** (मध्येबाट कुनै एक छान्ने)<br>निजी **10 हजार येन, 20 हजार येन, 30 हजार येन, 40 हजार येन वा 50 हजार येन** (मध्येबाट कुनै एक छान्ने)<br>* दोस्रो वर्ष वा सो भन्दा माथिको विद्यार्थीको लागि अधिकतम राशि 10 हजार येन कम हुन्छ तर, आवेदन (सर्त लागु हुने) बमोजिम 10 हजार येन थप हुन्छ र, नव प्रवेशी विद्यार्थी सरहको ऋण प्राप्त गर्न सकिन्छ। |
| (2) **ऋण प्राप्ति अवधि** | अप्रिलदेखि आउँदो सालको मार्चसम्मको 1 वर्ष अवधि (अग्रिम भर्ना-निर्धारण/ नियमित भर्ना-निर्धारणका लागि) |
| (3) **ऋण प्रदान विधि** | जुलाई अन्त्य तिर (अप्रिलदेखि ~ सेप्टेम्बरको हिस्सा), अक्टोबर अन्त्य तिर (अक्टोबरदेखि ~ डिसेम्बरको हिस्सा) , जनवरी अन्त्य तिर (जनवरीदेखि ~ मार्चको हिस्सा)गरी वार्षिक तीन पटक, विद्यार्थी स्वयंले तोकेको बैङ्क खातामा बैङ्क ट्रान्सफर गरिन्छ। (नियमित भर्ना-निर्धारण हुँदाको उदाहरण) |

## 3 जमानी बस्ने ग्यारेन्टर

**सैद्धान्तिक रूपमा जमानी बस्ने ग्यारेन्टर दुई जना* तयार पार्नु पर्ने हुन्छ।**

* संरक्षक एक जना र भिन्दै जीविकोपार्जन गर्ने बालिग व्यक्ति एक जना।

ऋण निर्धारण भएपछि नामको छाप दर्ता भएको प्रमाणपत्र (इन्खान तोउरोकु स्योउमेइ-स्यो) पेस गर्नु पर्नेछ।

## 4 आवेदन विधि

### ① अग्रिम भर्ना-निर्धारण (उच्च मावि तह प्रवेश गर्नु अगाडि आवेदन)

| | |
|---|---|
| (1) **भर्ना खुल्ला सम्बन्धी जानकारीहरू** | भर्ना खुल्लाका विषयवस्तु, आवेदन अवधि, आवेदन पत्रहरू बारेमा नोभेम्बर तिर **माध्यमिक विद्यालय मार्फत जानकारी** प्रदान हुने हुनाले, क्लास टिचरहरूलाई भन्नुहोस्। (प्रान्त वेबसाइटमा पनि राखिने) |
| (2) **पेस गर्ने स्थान** | **खानागावा प्रान्तीय शिक्षा परिषद् वित्तीय शाखा**मा आवेदन दिने।<br>समीक्षा गरे पश्चात्, विद्यालय प्रवेश अगाडिसम्ममा भर्ना लिने नलिने निर्णय गरिन्छ, तर उच्च मावि तह प्रवेश गरेपछि फेरि आवेदन फारामहरूलाई प्रवेश गरेको विद्यालयमा पेस गर्नुपर्ने आवश्यकता रहन्छ। |
| (3) **छोटो तथा अस्थायी छात्रवृत्ति रकम** | अग्रिम भर्ना-निर्धारण भएका मध्ये चाहना राख्ने महानुभावले, **छोटो तथा अस्थायी छात्रवृत्ति रकम स्वरूप, उच्च माविमा प्रवेश गरेपश्चात् प्राप्त हुने छात्रवृत्ति रकमको केही हिस्सा अग्रिम रूपमा उच्च मावि प्रवेश गर्नु अगाडिको मार्च महिनामा ऋण स्वरूप प्राप्त गर्न सक्नु हुनेछ।** |

### ② नियमित भर्ना-निर्धारण (उच्च मावि तहमा प्रवेश गरेपछि आवेदन)

| | |
|---|---|
| (1) **भर्ना खुल्ला सम्बन्धी जानकारीहरू** | भर्ना खुल्ला सम्बन्धी जानकारी, आवेदन फारामहरू **उच्च माविहरूबाट वितरण हुन्छ।** (प्रान्त वेबसाइटमा पनि राखिने)<br>आवेदन प्रक्रिया बारेमा सम्बन्धित उच्च माविहरूको इन्चार्ज समक्ष सोधपुछ गर्नुहोस्। |
| (2) **पेस गर्ने स्थान** | प्रधानाध्यापकको सिफारिस आवश्यक पर्ने भएकोले, **सम्बन्धित उच्च माविहरू मार्फत प्रक्रिया** अपनाउनु होस्। |
| (3) **आवेदन अवधि** | नियमित भर्ना-निर्धारणको लागि **अप्रिलमा भर्ना खुल्ला** गरिने छ। सम्बन्धित उच्च माविहरूले तोकेको म्यादसम्ममा आवेदन दिनुहोस्।<br>* भर्ना खुल्ला सक्किएपछि ऋण लिनुपरेमा महानुभावले हरपल भर्ना-निर्धारण अन्तर्गतको आवेदन दिन मिल्छ। (हरपल भर्ना-निर्धारणको लागि जनवरी मसान्तसम्म भर्ना खुल्ला) |

## 5 फिर्ता विधि

| | |
|---|---|
| (1) **फिर्ता अवधिहरू** | उच्च मावि पासआउट भएर 6 महिना नाघेपछि बाट, **ऋण अवधिको 4 दोब्बर अवधि भित्रमा फिर्ता गरिन्छ।**<br>फिर्ता विधि भने, हरेक महिनाको मासिक भुक्तानी, अर्धवार्षिक एकमुष्ठ भुक्तानी (हरेक वर्ष जुलाई तथा डिसेम्बर) वा वार्षिक एकमुष्ठ भुक्तानी (हरेक वर्ष डिसेम्बरमा)। उच्च मावि छात्रवृत्ति रकम निर्ब्याजी हुन्छ। |
| (2) **फिर्ता मुलतबी आदि** | विश्वविद्यालयमा उच्च अध्ययन सुरु गरेको जस्ता अवस्थाहरूमा **आवेदन दिएमा केही समयको लागि फिर्ता मुलतबी गर्न सकिन्छ।** साथै, एक निश्चित सर्त पुरा गरेको खण्डमा मात्र, **फिर्ता मिनाहा हुनेपनि हुन सक्छ।** |

## 6 सोधपुछ ठेगाना

खानागावा प्रान्तीय शिक्षा परिषद् वित्तीय शाखा उच्च मावि छात्रवृत्ति रकम ग्रुप फोन नं.: (045) 210-8251 (डाइरेक्ट लाइन)

वेबसाइट: http://www.pref.kanagawa.jp/docs/en7/cnt/f324/